# गौर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
गौर, रौतहट
मधेश प्रदेश, नेपाल

### बोलपत्र आव्हान सम्बन्धी २१ दिने सूचना

*प्रथम पटक प्रकाशित मिति २०८३/०३/०३ गते*

स्थानीय सरकार संचालन ऐन, २०७४ तथा गौर नगरपालिकाबाट पारित आर्थिक ऐन, २०८२ अनुसार गौर नगरपालिकाको स्वामित्वमा रहेको गौर बसपार्कको आ.व.२०८३/०८४ र आ.व.२०८४/२०८५ सम्म जम्मा (२) बर्षका लागि सवारी साधन प्रवेश शुल्क, टिकट काउण्टर शुल्क, शौचालय प्रयोग शुल्क, सटर कोठाहरु, चमेना गृह र प्रशासनिक भवन समेतको एकमुष्ठ बिधुतीय बोलपत्र (E-Bidding) मार्फत ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले योग्यता पुगेका ईच्छुक फर्म/कम्पनीले तपसिलका शर्तहरुको अधिनमा रही रितपूर्वक बोलपत्र पेश गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१. बोलपत्र फाराम खरिद दस्तुर रु.३,०००/- (तिन हजार मात्र)

२. कार्यालयबाट प्रमाणित बोलपत्र फाराम www.bolpatra.gov.np/egp बाट download गरी तोकिएको दस्तुर रु.३,०००/- यस कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक शाखा गौरमा रहेको राजश्व खाता नं.१२१०१००३०१०१०००५ मा जम्मा गरी बैंक भौचर बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

३. खरिद गरेको बोलपत्र फाराममा सहिछाप, फर्मको नाम ठेगाना, ठेक्काको नाम, सकार रकम इत्यादी विवरण भरी आवश्यक कागजात सहित मिति २०८३/०३/२४ गते दिनको १२ बजे सम्ममा www.bolpatra.gov.np/egp मा upload गरी सक्नु पर्नेछ ।

४. बोलपत्र खोलिने मिति २०८३/०३/२४ गते दिउसो १ बजे । म्यादभित्र दर्ता हुन आएका बोलपत्रहरु बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिने छ, तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।

५. बोलपत्र फारम खरिद गर्न इच्छुक फर्म वा कम्पनीको ईजाजत प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि र आ.व.२०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

६. बोलपत्र पेश गर्ने फर्म वा कम्पनीले सकार गरेको कुल रकमको ५% ले हुने धरौटी वापतको रकम यस नगरपालिकाको नाममा राष्ट्रिय वाणिज्य बैक शाखा गौरमा रहेको धरौटी खाता नं.१२१०१००३०३००००५ मा जम्मा गरेको सक्कल बैक भौचर वा क वर्गको बैंकद्धारा गौर न.पा.को नाममा जारी भएको कम्तिमा ९० दिन म्याद भएको बैंक जमानत पत्र पेश गर्नुपर्नेछ ।

७. बोलपत्रदाताले (२) दुई बर्षको लागि सकार गरेको रकम एकमुष्ठ (मू.अ.कर) रकम समेत दाखिला गरी कागजात पेश गरेमा सकार रकमको १०% ले हुने रकम छुट दिईनेछ । एकमुष्ठ रकम बुझाउन नसक्ने भएमा बोलपत्र स्वीकृत भए पश्चात पहिलो १ बर्षको किस्ता रकम ठेक्का सम्झौता हुनु भन्दा पहिला यस कार्यालयको राजश्व खातामा नगदै दाखिला गरी दोस्रो बर्षको किस्ता रकम बराबरको क वर्गको बैंकद्धारा गौर नगरपालिकाको नाममा जारी (२) दुई बर्ष म्याद भएको बैंक जमानत पत्र पेश गर्नुपर्नेछ । किस्तामा रकम बुझाउदा दोस्रो बर्षको किस्ता रकम आ.व.शुरु हुनु भन्दा दुई महिना पहिला नै बुझाउनु पर्नेछ । समयमा ठेक्का रकम नबुझाएमा नगरपालिकाले कुनै पनि समयमा ठेक्का सम्झौता भंग गर्न सक्नेछ । किस्तामा रकम बुझाउनेलाई छुट दिइने छैन ।

८३/०३/०३
विष्णु प्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत
उपसचिव

८. बोलपत्रदाताले खरिद कार्यमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको वा कालो सुचीमा नपरेको भनि लिखित रुपमा गरेको स्वयं घोषणाको कागजात पेश गर्नुपर्नेछ ।

९. धरौटी रकम यस नगरपालिकामा बुझाउने किस्ता रकममा मिन्हा हुने छैन् । ठेक्का अवधि समाप्त भए पश्चात धरौटी रकम फिर्ता गरिनेछ ।

१०. गौर बसपार्कमा खपत हुने विधुत महशुल, पानी महशुल वा अन्य सेवा शुल्कहरु मासिक रुपमा ठेकेदारले नै बुझाउनु पर्नेछ र सो को बिल अनिवार्य रुपमा सोही महिनामा यस नगरपालिका कार्यालयमा पेश गर्नु पर्नेछ । मासिक रुपमा विधुत महशुल, पानी महशुल तथा अन्य शुल्क नबुझाएमा उक्त ठेक्काको लागि राखिएको धरौटी रकमबाट कट्टा गरिनेछ

११. सवारी साधन प्रवेश शुल्क, टिकट काउण्टर शुल्क र शौचालय प्रयोग शुल्कमा दररेट नबढाई यस नगरपालिकाले तोकेको दरमा लिनु पर्नेछ ।

१२. सटर कोठाहरु तथा चमेना गृहको मासिक भाडा ठेकेदार स्वयंले निर्धारण गरी भाडामा लगाउन सक्नेछ, र ठेक्का सम्झौता भएको ३ महिनाभित्र प्रयोगमा ल्याउनु पर्नेछ ।

१३. गौर बसपार्कभित्र आगमन तथा त्यहीबाट प्रस्थान हुने लामो तथा छोटो दुरीका सवारी साधनहरु बसपार्कमा एक पटक प्रवेश गरेपछि तिरेको प्रवेश शुल्क सोही दिनका लागि मान्य हुनेछ ।

१४. सानो तिनो रु.२५०००/– हजार सम्मको मर्मत गर्नुपर्ने भए सकार गर्ने बोलपत्रदाताले नै अनिवार्य रुपमा गर्नुपर्नेछ, सो भन्दा ठूलो मर्मत गर्नुपरे आवश्यकता र औचित्य हेरी नगरपालिकाले गरी दिन सक्नेछ ।

१५. तोकिएको सार्वजनिक सवारी साधनहरुको दररेट घटाउने, बढाउने, परिमार्जन वा सरलीकरण गर्ने सम्पूर्ण अधिकार गौर नगरपालिकामा निहित रहनेछ ।

१६. गौर बसपार्क भित्र वा सो को बाहिर नगरपालिकाको स्वीकृती बेगर कुनै प्रकारको निर्माण कार्य ठेकेदारले गर्न पाउने छैन । निर्माण भइसकेको संरचना र सुविधा बाहेक अन्य निर्माण एवं संरचनाहरु ठेकेदारले माग गरेको आधारमा न.पा.उपलब्ध गराउन बाध्य हुने छैन । तर गौर नगरपालिकाद्वारा उक्त बसपार्क भित्र योजना बमोजिम निर्माण कार्य एवं अतिरिक्त जग्गा प्रयोगमा ल्याउन यो सम्झौताले कुनै बाधा पुगेको मानिने छैन ।

१७. हाल मौजुदा संरचना बाहेक न.पा.बाट थप भौतिक संरचना निर्माण गरिएमा सो थप गरिएको संरचनाहरु यस ठेक्कामा समावेश भएको मानिने छैन ।

१८. गौर बसपार्कको सबै भागमा होडिंग बोर्ड जस्ता प्रचार सामाग्री यस ठेक्का भित्र पर्ने छैन । गौर नगरपालिकाले निश्चित स्थानहरु तोकी विज्ञापन गर्ने व्यवस्था गरी शुल्क उठाउन सक्नेछ ।

१९. गौर बसपार्क भित्र भएका संरचनाहरु जुन उदेश्यका लागि बनेको हो, सोही उदेश्यको लागि प्रयोग हुनु पर्नेछ । परिवर्तन गर्नु परेमा गौर नगरपालिकाको स्वीकृती लिनु पर्नेछ ।

२०. गौर बसपार्क भित्र हुने विविध कार्यहरुको बारेमा यात्रुहरुलाई आवश्यक सूचना दिन यात्रु सूचना केन्द्र संचालन गराउने जिम्मेवारी ठेकेदारको हुनेछ ।

२१. मू.अ.कर बाहेक नियमानुसार तिर्नुपर्ने करहरु ठेकेदार स्वयंले नै सम्वन्धित निकायमा तिर्नु पर्नेछ ।

२२. गौर बसपार्क ठेक्का बन्दोवस्त गर्नका लागि आवश्यक पर्ने जनशक्ति ठेकेदार आफैले व्यवस्थापन गर्नु पर्नेछ । सुरक्षाको लागि मुलगेटमा प्रत्येक दिन ८ घण्टाको हिसाबले ३ जना र १६ घण्टा सरसफाईको लागि २ जना स्वीपरको व्यवस्था अनिवार्य रुपमा बोलपत्रदाता स्वयंको खर्चमा व्यवस्था गर्नुपर्नेछ । बसपार्कबाट संकलन भएको फोहोरको व्यवस्थापन ठेकेदार स्वयंमले नगरपालिकाको निर्देशन अनुसार गर्नुपर्नेछ ।

२३. मानव सिर्जित (बन्द, हडताल, धर्ना, चक्काजाम, जुलुस आदि) कारणले यातायात बन्द भई बसपार्क अस्थायी रुपमा बन्द भएमा सो को रकम मिन्हा गरिने छैन ।

२४. पेश भएको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा निहित रहनेछ ।

विष्णु प्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत
उपसचिव

CamScanner

२५. बोलपत्र खरिद तथा दर्ताको अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा बिदा पछि कार्यालय खुलेको दिन कायम हुनेछ।

२६. बोलपत्र सम्बन्धी विस्तृत विवरणका लागि कार्यालयको वेबसाईट www.gaurmun.gov.np वा www.bolpatra.gov.np/egp मार्फत जानकारी लिन सकिनेछ ।

२७. सम्झौता अनुसार कुनै विवाद उत्पन्न भएमा दुवै पक्षको आपसी समझदारीमा समस्या समाधान गरिनेछ । आपसी समझादारीमा समस्या समाधान नभएमा प्रचलित कानुन बमोजिम हुनेछ ।

२८. यसमा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका अन्य कुराहरु प्रचलित ऐन, नियम तथा गौर नगरपालिकाको निर्णय बमोजिम हुनेछ ।

## तपसिल

| क.स. | भौतिक संरचना तथा सेवा | लिन पाउने शुल्क (मू.अ.कर बाहेक) | ठेक्का नं. र नाम | न्यूनतम ठेक्का रकम (२ बर्षको लागि) मू.अ.कर बाहेक | कैफियत |
|---|---|---|---|---|---|
| १ | रिक्सा, टेम्पु प्रवेश शुल्क | रु.१०/-(प्रति दिन एक पटक) | GM/REVENUE-1/NCB/2082/083 (Revenue Collection from Gaur Buspark) | ६८,०५,०००/- (अक्षेरपी रु.अडसठी लाख पाँच हजार मात्र) | |
| २ | लामो दुरीको बस तथा अन्य सवारी साधन प्रवेश शुल्क | रु.१००/-(प्रति दिन एक पटक) | | | |
| ३ | छोटो दुरीको बस तथा अन्य सवारी साधन प्रवेश शुल्क | रु.५०/-(प्रति दिन एक पटक) | | | |
| ४ | शौचालय प्रयोग शुल्क | पिसाब फेर्नेबाट रु.५/-<br>दिशा गर्नेबाट रु.१०/- | | | |
| ५ | टिकट काउण्टर संख्या (४) | प्रत्येक काउण्टरको मासिक रु.५,०००/- | | | |

विष्णु प्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत
उपसचिव

विष्णु प्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत
उपसचिव

# गौर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### गौर,रौतहट
### मधेश प्रदेश, नेपाल
## बोलपत्र फाराम

| ठेक्का नं. र नाम | न्यूनतम ठेक्का रकम (२ वर्षको लागि ) मू.अ.कर वाहेक | | धरौटी | कैफियत |
|---|---|---|---|---|
| | अङ्कमा | अक्षरमा | | |
| GM/REVENUE-1/NCB/2082/083 (Revenue Collection from Gaur Buspark) | | | | |

बोलपत्रदाताको नाम,थर

ठेगानाः-

सहीछापः-

मितिः-

सम्पर्क नम्वरः-